## सर्वोच्च अदालत

# सुर्खेत जिल्ला अदालत,सुर्खेत

सूचना नं.:- ०१/०७२-७३

**प्रथम पटक प्रकासित मिति :- २०७२/१२/२८**

यस अदालतबाट तपसिल बमोजिमको भवन निर्माण कार्य बोलपत्रद्धारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत पत्र प्राप्त इच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न सर्तहरुको अधिनमा रही रीत पूर्वकको वोलपत्र आह्वान गरिएको छ ।

१. वोलपत्रको सूचना प्रकाशित भएको मितिले ३० दिन (२०७३/०१/२७) भित्र रु. ३०००।– दस्तुर (फिर्ता नहुने गरी) बुझाई अध्यावधिक इजाजत पत्र तथा मू.अ.कर र स्थायी लेखा नम्बर दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी निवेदन दिई यस सुर्खेत जिल्ला अदालतबाट कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।

२. खरिद भएको वोलपत्र प्रष्टसंग भरी निर्माण व्यवसायीले प्रत्येक पानामा सहीछाँप गरी , सिलबन्दी गरी, खाम बाहिर फर्मको नाम, ठेगाना र कामको नाम प्रष्टसंग लेखी २०७३/०१/२८ गते दिनको १२.०० बजे सम्म यस सुर्खेत जिल्ला अदालतमा दर्ता गराउनु पर्नेछ । म्याद सकिएपछि प्राप्त हुने वोलपत्र स्वीकार गरिने छैन । दर्ता भएका वोलपत्रहरु २०७३/०१/२८ गते दिनको २.०० बजे उपस्थित वोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस अदालतमा खोलिने छ । वोलपत्रदाताहरु वा प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

३. एक फर्म वा संस्थाको नाममा खरिद भएको वोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन ।

४. वोलपत्र ९० दिन सम्मको लागि मान्य हुनेछ । वोलपत्रसाथ तपसिल वमोजिमको विडवण्ड वापतको धरौटी रकम राष्ट्रिय वाणिज्य बैंक, सुर्खेतमा रहेको को.ले.नि.का.सुर्खेतको धरौटी खाता नं. ४०८०२०३००००००० (कार्यालय कोड ६४-२०४-०१) मा जम्मा गरेको सक्कल वैंक भौचर वा सो रकम बरावरको यस अदालतको नाममा बाणिज्य बैंकबाट जारी गरिएको विडवण्ड (वोलपत्र मान्य हुने अवधि भन्दा ३० दिन बढी मान्य अवधि भएको) पेश गर्नु पर्नेछ ।

५. वोलपत्र सर्त रहित अदालतले उपलब्ध गराएको डकुमेण्टमा कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ । केरमेट भएको ठाँउमा अधिकार प्राप्त व्यक्तिको सहिछाप हुनु पर्ने छ । रीत नपुगेको र सूचनाका सर्त विपरित भएको वोलपत्र माथि कारवाही हुने छैन ।

६. बोलपत्रदाताले BOQ को अंक र अक्षरमा दुवै महलमा दररेट (मु.अ.कर बाहेक) उल्लेख गर्नुपर्नेछ । अक्षर र अंक फरक पर्न गएमा अक्षरलाई मान्यता दिइने छ ।

७. वोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट वा विदा पछि अदालत खुलेको दिन तोकेको समयमा नै हुनेछ ।

८. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस अदालतमा निहित रहने छ ।

९. वोलपत्र सम्बन्धी अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस अदालतमा सम्पर्क राख्न सकिनेछ ।

१०.प्रचलित नियमानुसार रित नपुगेको र यस सूचना एवंम वोलपत्र सम्बन्धी कागजातमा उल्लेखित सर्तहरु पूरा नभएको बोलपत्रमा कारवाही गरिनेछैन ।

११. संयुक्त उपक्रमको माध्यमबाट काम गर्ने निर्माण व्यवसायीले संयुक्त लगानी सम्वन्धी सम्झौता पत्र पेश गर्नुपर्नेछ । मुख्य कामदारको कम्तीमा ४० प्रतिशत र अन्य साझेदारको २५ प्रतिशत शेर हुनुपर्नेछ र बढीमा तीनवटा फर्मले संयुक्त उपक्रममा भाग लिन सक्नेछन् ।

१२. कामको गुणस्तर (Quality of Work) निर्माण सम्बन्धी स्वीकृत स्पेशिफिकेशन अनुसार गर्नुपर्ने छ ।

१३. Pre-Bid Meeting यस कार्यालयमा मिति २०७३ वैशाख १७ गते दिनको १.०० बजे हुनेछ ।

१४. वोलपत्रदाताले E-Procurement मार्फत www.edudbc.gov.np मा गई बोलपत्र Tender Download गरी वोलपत्र प्रस्ताव पेश तथा दर्ता गर्न सक्नेछन् ।

१५. वोलपत्रदाताले E-Procurement मार्फत वोलपत्र खरिद गर्दा (office Code Number 64-204-01 Rajaswa Head 14227 Rastiriya Banijya Bank. Surkhet को 1-1-007 खातामा वोलपत्र खरिद वापतको दस्तुर जम्मा गर्नु पर्नेछ र सो जम्मा गरेको भौचर अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

१६. वोलपत्र फारम र यस सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै सूचना अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ एवंम प्रचलित ऐन नियम अनुसार हुनेछ ।

तपसिल

| ठेक्का नं. | कामको विवरण | वोलपत्र जमानत रकम रु. | औसत वार्षिक कारोबार अंक (गत १० वर्ष मध्ये ३ वर्षको) मु.अ.कर बाहेक रु. | उस्तै प्रकृतीको कामको अनुभव गत १० वर्ष मध्ये | लाईन अफ क्रेडिट रकम रु. |
|---|---|---|---|---|---|
| ०१/२०७२/०७३ | सुर्खेत जिल्ला अदालतको सुरक्षा गार्ड नयाँ भवन निर्माण कार्य | २,१७,०००/- | ९६,४५,०००/- | एउटा भवनको रू ५२,००,०००/- | २२,००,०००/- |

वीरेन्द्रवहादुर मल्ल

सेस्तेदार (शा.अ.)

सेस्तेदार

शाखा अधिकृत